## मिति २०७६।६।२७ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

**निर्णय नं. १**

नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भमा आउँदो २०७६ चैत्र मसान्तदेखि २०७७ बैशाख २ गतेसम्म ३ दिन इस्ट टुरिजम फेस्टिवल २०२० मनाउने र सो फेस्टिवल सफल रुपमा सम्पन्न गर्नका लागि इलाम नगरपालिका अन्तर्गत निम्नानुसारको ५१ सदस्यीय मूल समारोह समिति र १५ सदस्यीय सचिवालय समिति गठन गर्ने साथै सो फेस्टिवल सफल बनाउनका लागि स्थानीय संघसंस्थाहरुलाई उत्साहित गर्दै समन्वय गरी आर्थिक सहयोगका लागि संघीय र प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, प्रदेशस्तरीय नेपाल भ्रमण वर्ष समिति, बैक तथा वित्तीय संस्थाहरुलाई अनुरोध गर्ने र नगरपालिकाले अ.ल्या. शीर्षकको बजेटबाट रु १० लाख र सो अवसरमा पुष्प प्रदर्शन गर्न पुष्प प्रदर्शनी शीर्षकको बजेटबाट रु ५ लाख व्यवस्थापन गर्ने निर्णय गरियो ।

निम्न :

संरक्षक – प्रमुख श्री महेश बस्नेत
संयोजक – उपप्रमुख श्री सुशीला नेम्वाङ्ग
सदस्य – वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरु सबै
सदस्य – राष्ट्रिय मान्यताप्राप्त राजनैतिक दलका प्रतिनिधिहरु १/१ जना
सदस्य – जिल्ला प्रशासन कार्यालय इलामका प्रतिनिधि १ जना
सदस्य – अध्यक्ष, उ.वा.संघ इलाम
सदस्य – अध्यक्ष, गैसस महासंघ इलाम
सदस्य – अध्यक्ष, होटल व्यवसायी संघ इलाम
सदस्य – अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ इलाम
सदस्य – अध्यक्ष, पर्यटन प्रवर्द्धन सरोकार समिति
सदस्य – अध्यक्ष, मेची पर्यटन प्रवर्द्धन समिति
सदस्य – प्रतिनिधि, मेची पहाडी क्षेत्र पर्यटन विकास समिति
सदस्य – यातायात व्यवसायी श्री गृष्म सुब्बा
सदस्य – नेपाल भ्रमण वर्ष २०२० को प्रदेशस्तरीय समितिमा मनोनित इलामका श्री कृष्ण शाह, श्री कमला रिजाल र श्री दिब्या भट्टराई
सदस्य – इलाम नगरपालिकाबाट गठित ७ वटा समिति/प्रतिष्ठान
सदस्य – अध्यक्ष, प्याब्सन इलाम
सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत, इलाम नगरपालिका

उल्लिखित समितिमा सदस्य थप गर्नु पर्ने भएमा उपप्रमुखको सिफारिसमा प्रमुखबाट मनोनयन गर्ने ।

**निर्णय नं. २**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, खेलकुद, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी इलाम नगरपालिका, संस्था दर्ता सम्बन्धी नियम, २०७६ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

इलाम न.पा. यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७४ बमोजिम न.पा. को यान्त्रिक उपकरणहरु प्रभावकारी ढङ्गबाट सञ्चालन नभएकाो हुँदा सो कार्यविधि खारेज गरी सो यान्त्रिक उपकरणहरु ब्याक हु लोडर, ट्याक्टरहरु प्रमुखको प्रत्यक्ष नियन्त्रणमा सञ्चालन गर्ने र इलाम नगरका वडा वडाका सडकहरुको मर्मतसम्भार तथा अन्य पूर्वाधार निर्माणसुधारका लागि योजना कितावको सि.नं. २६ मेसिनरी तथा औजार संचालन तथा मर्मत खर्च शीर्षकमा अ.ल्या. मौज्दात शीर्षकबाट रु ९ लाख रकम थप गरी सामान्यतया प्रत्येक वडामा अनुपातिक ढङ्गले रु १ लाखका दरले खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इलाम नगरपालिकाको आ.ब. ०७६।०७७ को योजना कितावको सि.नं. ४४ को विविध खर्च शीर्षकबाट रु ६ लाख छुट्याई प्रत्येक वडामा रु ५० हजारका दरले कार्यालय सञ्चालनका लागि थप गरी निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

इलाम नगरपालिकाको आ.ब. २०७६।०७७ को योजना किताबको खर्च शीर्षकहरु मध्ये निम्नानुसारको खर्च शीर्षक निम्न पदाधिकारीको स्वीकृतिबाट मात्र खर्च लेख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

माथि उल्लिखित निर्णयहरू इलाम नगर कार्यपालिकाको मिति २०७६।६।२७ को बैठकबाट निर्णय भएको व्यहोरा इलाम नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यवधि) नियमावली, २०७४ को नियम ५ अनुसार प्रमाणीकरण गर्दछु ।

प्रमाणीकरण गर्ने

नामथर : प्रेमकुमार गौतम
पद : नि. प्रमुख प्रशासकीय अधिकृत
मिति :

**मिति २०७६।६।२७ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय**

**प्रमुखबाट स्वीकृत गराउने शीर्षकहरु**

| क्र.सं. | बजेट खर्च सि.नं. | शीर्षक | रकम |
|---|---|---|---|
| १ | ५ | औषधि उपचार खर्च | २,००,०००।०० |
| २ | ८ | फिल्ड भत्ता | १०,००,०००।०० |
| ३ | १० | कर्मचारी प्रोत्साहन भत्ता | ५०,०००।०० |
| ४ | १२ | अन्य भत्ता | १५,००,०००।०० |
| ५ | १४ | पदाधिकारी अन्य सुविधा | ४,००,०००।०० |
| ६ | १५ | पदाधिकारी अन्य भत्ता | ५०,०००।०० |
| ७ | १७ | कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण कोष | २०,००,०००।०० |
| ८ | १८ | कर्मचारीको योगदानमा आधारित बीमा कोष | १,००,०००।०० |
| ९ | २६ | मेसिनरी तथा औजार संचालन मर्मत खर्च | १४,००,०००।०० |
| १० | २७ | निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च | २,००,०००।०० |
| ११ | ३३ | सेवा परामर्श खर्च | ८,००,०००।०० |
| १२ | ३४ | सूचना प्रणाली सफ्टवेयर व्यवस्थापन खर्च | २५,००,०००।०० |
| १३ | ३७ | कर्मचारी तालिम खर्च | १०,००,०००।०० |
| १४ | ३८ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | १०,००,०००।०० |
| १५ | ३९ | कार्यक्रम खर्च | ३३,००,०००।०० |
| १६ | ४० | विविध कार्यक्रम खर्च | ४,००,०००।०० |
| १७ | ४३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डल खर्च | १५,००,०००।०० |
| १८ | ४४ | विविध खर्च | ३०,००,०००।०० |
| १९ | ४७ | धार्मिक तथा सांस्कृतिक संस्था संचालन खर्च | ७,००,०००।०० |
| २० | ४८ | अन्य संस्था सहायता | ५,००,०००।०० |
| २१ | ५१ | औषधि खरिद खर्च | १०,००,०००।०० |
| २२ | ५२ | अन्य सामाजिक सहायता | २,००,०००।०० |
| २३ | ५७ | अन्य फिर्ता | ३,००,०००।०० |
| २४ | ३०८ | मूर्ति सालिक निर्माण खरिद | १०,००,०००।०० |
| २५ | ३१० | प्रदर्शनी | ५,००,०००।०० |
| २६ | ३१३ | व्यावसायिक सीप विकास कार्यक्रम | १०,००,०००।०० |
| २७ | ३१४ | विभिन्न संघसंस्थासँग सहकार्य | १०,००,०००।०० |
| २८ | ३१६ | उवासंघसँग सहकार्य | ६,००,०००।०० |
| २९ | ३१७ | पशु विकास कार्यक्रम | ५,००,०००।०० |
| ३० | ३१८ | कृषि प्रसार कार्यक्रम | ५,००,०००।०० |
| ३१ | ३१९ | सहकारी प्रवर्द्धन कार्यक्रम | ५,००,०००।०० |
| ३२ | ३२० | सहरी गरिबी न्यूनीकरण तथा उद्यम विकास | ५,००,०००।०० |
| ३३ | ४१२ | जेष्ठ नागरिक मिलन केन्द्र | १५,००,०००।०० |
| ३४ | ४२० | प्रतिभा विकास कार्यक्रम | ३०,००,०००।०० |
| ३५ | ४३७ | विविध खेलकूद सहयोग | ५,००,०००।०० |
| ३६ | ४३९ | समपूरक कोष विभिन्न संघसंस्थासँग | १५,००,०००।०० |
| ३७ | ४४० | महिला बालबालिका विशेष कोष | ५,००,०००।०० |
| ३८ | ४४१ | नगर शिक्षा सम्बन्धी खर्च | ५,००,०००।०० |
| ३९ | ४४६ | सूचना प्रविधि संचार जडान | ५,००,०००।०० |
| ४० | ४५० | भगिनी सम्बन्ध | ५,००,०००।०० |
| ४१ | ४५२ | अवलोकन भ्रमण | १०,००,०००।०० |
| ४२ | ४५४ | मानव संशाधन विकास कोष | ५,००,०००।०० |
| ४३ | ४५७ | लागत सहभागितामा आधारित कार्यक्रम | ३८,००,०००।०० |
| ४४ | ४६५ | बिपद व्यवस्थापन खर्च | १०,००,०००।०० |

**उपप्रमुखबाट स्वीकृत गराउने शीर्षकहरु**

| क्र.सं. | बजेट खर्च सि.नं. | शीर्षक | रकम |
|---|---|---|---|

माथि उल्लिखित निर्णयहरू इलाम नगर कार्यपालिकाको मिति २०७६।६।२७ को बैठकबाट निर्णय भएको व्यहोरा इलाम नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यवधि) नियमावली, २०७४ को नियम ५ अनुसार प्रमाणीकरण गर्दछु ।

प्रमाणीकरण गर्ने

नामथर : प्रेमकुमार गौतम

पद : नि. प्रमुख प्रशासकीय अधिकृत

मिति :

| | | | |
|---|---|---|---|
| १ | ३१२ | उपप्रमुख महिला सीप विकास | १५,००,०००।०० |
| २ | ३१६ | न.पा. का निर्वाचित महिला जनप्रतिनिधि | ५,००,०००।०० |

**निर्णय नं. ६**

चालु आ.ब. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूग्ध उत्पादन र बिक्री गरी आय आर्जनका लागि कृषकहरुलाई गाई खरिद अनुदान वितरणका लागि प्रकाशित सूचना अनुसार इलाम नगरपालिका वार्ड नं. ४ को वडा समितिले सिफारिस गरी पठाए अनुसार तपसिलमा उल्लिखित कृषकहरुलाई गाई खरिद अनुदान रु २५,०००।०० मात्र प्रति कृषक उपलब्ध गराउने निर्णय गरियो ।

निम्न :

१. श्री मनबहादुर लिम्बु, इलाम ४ जल्लारीगाउँ
२. श्री तेजबहादुर बिष्ट, इलाम ४ बिष्टगाउँ
३. श्री सन्तोष राई, इलाम ४ भित्त बीच गाउँ
४. श्री उमाकान्त दुलाल, इलाम ४ रुक्मिणी टोल
५. श्री सन्तोष राई इलाम ४ दावलीगाउँ
६. श्री चन्द्रमणि दुलाल, इलाम ४ मलाते
७. श्री हेमकला पौडेल, इलाम ४ बरबोटे
८. श्री रामबहादुर लिम्बु, इलाम ४ पुवाखोलाबजार
९. श्री पूर्णबहादुर जोगी, इलाम ४ मुखियागाउँ
१०. श्री धनकुमार काफ्ले, इलाम ४ भित्ते

**निर्णय नं. ७**

सिटीमार्ट भवनको चौथो तलामा निर्माण गर्ने भनिएको मासु पसलको निर्माण कार्यलाई मोटरसाइकल पार्क छेउमा स्थानान्तरण गरी निर्माण गर्न मिति २०७६।६।५ को कार्यपालिका बैठकको निर्णयानुसार मोटरसाइकल पार्किङ्ग भवनमा तला थप र मासु पसल निर्माणका लागि रु ३०,८६,०००।०० को ल.इ. तथा डिजाइन भई आएको हुँदा इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निर्माण तथा सञ्चालनका लागि निम्न शर्त परिपालना गर्ने गरी १५ दिने सूचना प्रकाशन गरी निजी क्षेत्रलाई आव्हान गर्ने निर्णय गरियो ।

निम्न :

(क) उल्लिखित डिजाइन अनुसार निर्माण हुने कोठाका लागि रु १५,००,०००।०० का दरले रु ३०,००,०००।०० रकम लगानीको लागि आव्हान गर्ने ।
(ख) प्रति कोठा मासिक भाडा रकम रु १०,०००।०० तोक्ने र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा रकम बृद्धि गरिने ।
(ग) संझौताको अवधि १५ वर्ष तोक्ने र लगानी रकम मासिक रुपमा कट्टा गर्दै लैजाने ।

**निर्णय नं. ८**

इलाम नगरपालिका, आर्थिक ऐन २०७६ को अनुसूची १४ अनुसारको काठ दाउरा जराजुरी बिक्री तथा निकासी शुल्क असुली कार्य सन्तोषजनक नभएको हुनाले सो अनुसूची अनुसारको शुल्क असुली कार्यलाई मिति २०७६।७।१ देखि बन्द गरी साविकमा वडा कार्यालयहरुबाट रुख कटानीको सिफारिस जारी गर्दा प्रति रुख रु १००।०० ले सिफारिस दस्तुर असुल गरी सिफारिस गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिका, आर्थिक ऐन २०७६ को अनुसूची १४ अनुसारको ढुंगा गिटी बालुवा बिक्री तथा निकासी शुल्क एकमुस्ट ठेक्का बन्दोबस्तीका लागि पटकपटक सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेको हुँदा सो संकलन केन्द्र र स्थान छुट्याएर विभाजन गरी ठेक्का बन्दोबस्ती तथा इच्छुकबाट आवेदन लिई शुल्क असुलीको प्रक्रियामा जाने निर्णय गरियो ।

**निर्णय नं. १०**

इलाम नगरपालिका वडा नं. ३ स्थित पाटेनागी क्षेत्रको जैविक विविधता संरक्षणका लागि सो क्षेत्रलाई संरक्षित क्षेत्रका रुपमा विकास गर्नु पर्ने भएकोले सो क्षेत्रलाई संरक्षित क्षेत्र बनाउनका लागि आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

माथि उल्लिखित निर्णयहरू इलाम नगर कार्यपालिकाको मिति २०७६।६।२७ को बैठकबाट निर्णय भएको व्यहोरा इलाम नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यवधि) नियमावली, २०७४ को नियम ५ अनुसार प्रमाणीकरण गर्दछु ।

प्रमाणीकरण गर्ने

नामथर : प्रेमकुमार गौतम

पद : नि. प्रमुख प्रशासकीय अधिकृत

मिति :

**मिति २०७६।६।२७ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय**

निम्न :

संयोजक – वडाध्यक्ष श्री तिर्थराज गुरुङ्ग

सदस्य – का.पा.स. श्री पृथसिंह सुनुवार

सदस्य – प्रमुखबाट तोकिएको अधिकृतस्तरको कर्मचारी

**निर्णय नं. ११**

नेपाल सरकारबाट हस्तान्तरण भई आएको इलाम दरबारमा अरनिको सांस्कृतिक संग्रहालय सञ्चालन भइरहेको र सो पुरानो भवनमा जिल्ला प्रशासन कार्यालय इलामको जिन्सी स्टोर रहेको हुनाले सो जिन्सी स्टोरलाई व्यवस्थित गर्नका लागि जिल्ला प्रशासन कार्यालय इलामको नयाँ भवनको छत माथि ट्रस र कर्कटपाताको छानो लगाई जिन्सी स्टोर बनाई जिल्ला प्रशासन कार्यालय इलामको स्टोरको सामान सार्ने र हाल अरनिको सांस्कृतिक संग्रहालय सञ्चालन भइरहेको भवनको मर्मतसम्भार समेत गर्नु पर्ने भएकोले उक्त कार्यमा ल.इ. अनुसार रु ५ लाख स्टोर निर्माण र ५ लाख मर्मतसम्भारमा गत वर्षको बैंक मौज्दातको बढी अ.ल्या. शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

माथि उल्लिखित निर्णयहरू इलाम नगर कार्यपालिकाको मिति २०७६।६।२७ को बैठकबाट निर्णय भएको व्यहोरा इलाम नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यवधि) नियमावली, २०७४ को नियम ५ अनुसार प्रमाणीकरण गर्दछु ।

प्रमाणीकरण गर्ने

नामथर : प्रेमकुमार गौतम

पद : नि. प्रमुख प्रशासकीय अधिकृत

मिति :